# मल्लरानी गाउँपालिका

# स्थानीय राजपत्र

## मल्लरानी गाउँपालिकाद्वारा प्रकाशित

| वर्ष ४ मल्लरानी, असोज ६ गते, २०७७ साल (अतिरिक्तांक ३) |
|---|


## भाग-२

नेपालको संविधानको अनुसूची-८ को स्थानीय तहको अधिकार सूची १६ बमोजिम मल्लरानी गाउँ कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यविधि २०७७

कार्यपालिकाबाट पारित मिति : २०७७/०६/०६ गते

१. **परिचय :**

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवनको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्नका साथै राज्यद्वारा तोकिएको सेवा सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची-८ को स्थानीय तहको अधिकार सूची १६ बमोजिमको कार्य गर्न मल्लरानी गाउँपालिका गाउँकार्यपालिको बैठकबाट ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि २०७७ जारी गरिएको छ ।

२. **परिचय-पत्र वितरणका आधार :**

नेपालको संविधानको धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय-पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका आधार हुनेछन् ।



Scanned with CamScanner

**३. उद्देश्य :**

क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तहदेखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने ।

ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्ने र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकहरुलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियमानुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

**४. लक्षित वर्ग :**

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पूरा गरेका सवै नेपाली नागरिकहरु ।

**५. ज्येष्ठ नागरिकको वर्गीकरण**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) वमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहायवमोजिम गरिएको छ :

क) सत्तरी वर्ष उमेर पूरा नगरेको ज्येष्ठ नागरिक,

ख) सत्तरी वर्ष उमेर पूरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक,

ग) असहाय ज्येष्ठ नागरिक,

घ) अशक्त ज्येष्ठ नागरिक,

ङ) एकल ज्येष्ठ नागरिक ।

**६. परिचय-पत्र वितरणका मापदण्ड :**

ज्येष्ठ नागरिक सम्बन्धी निमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्न सकिनेछ ।

**७. परिचय-पत्र वितरण प्रक्रिया :**

क) ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले सम्बन्धित अनुसूची- १ वमोजिमको ढाँचामा मल्लरानी गाउँपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

ख निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ । र, संरक्षक को नागरीकता प्रतिलिपि समावेश गर्नुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण-पत्रलाई आधार मानिनेछ ।

ग) ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकारी हुनेछ ।

घ) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरुको लगत तोकिएबमोजिमको गा.पा.को कार्यालयमा राखी वार्षिक रुपमा आवश्यकता अनुसार अन्य निकायमा पठाउन सकिनेछ ।

ङ) ज्येष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपि लिन सम्बन्धित वडाको सिफारिस सहित गा.पा. मा निवेदन पेश गर्नुपर्नेछ ।



Scanned with CamScanner

**८. ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा :**

ज्येष्ठ नागरिक सम्वन्धी नियमावली २०६५ को अनुसूची-३ बमोजिमको ढाँचालाई नै आधार मानी ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा यस निर्देशिकाको अनुसूची-२ बमोजिमको हुनेछ। ज्येष्ठ नागरिक परिचय।पत्रको आकार (Size) नेपाली नागरिकताको प्रमाण-पत्रको आकार बराबरको हुनेछ।

**९. विविध :**

क) यस अघि भए गरेका ज्येष्ठ नागरीक परिचयपत्र वितरण सम्वन्धी काम कारवाही यसै कार्यविधि अनुसार भएको मानिनेछ।

ख) ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्वन्धमा माथि उल्लिखित व्यवस्था बाहेक प्रचलित कानुनको अधीनमा रही गाउँकार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

**अनुसूची- १**

**दफा ७ (क) सँग सम्वन्धित**

मिति : ..............................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
मल्लरानी गाउँपालिकाको कार्यालय, खलंगा प्यूठान।

**विषय : ज्येष्ठ नागरिक परिचय-पत्र पाउँ ।**

मल्लरानी गाउँपालिका वडा नं.........................................बस्ने म.........................को छोरा/छोरी....................................को जन्म मिति ............................भई हाल ....वर्ष उमेर पूरा भएकाले मलाई ज्येष्ठ नागरिक परिचय-पत्र उपलब्ध गराइदिनुहुन अनुरोध छ।

निवेदक

दस्तखत :

नामथर :

उमेर :

ठेगाना :



Scanned with CamScanner

**अनुसूची- २**
**(दफा ८ सँग सम्बन्धित)**

मल्लरानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खलंगा, प्यूठान
५ नं. प्रदेश, नेपाल

**ज्येष्ठ नागरिक परिचय-पत्र**

प.प.नं :
नाम थर :..............................................................................................................
ना.प्र.नं.:..................................
ठेगाना : जिल्ला..........................................गा.पा......................................................
वडा नं :.................................टोल/गाउँ:..............................................................
उमेर :...............................लिङ्ग :..............................
उपलब्ध छुट तथा सुविधाहरु :........................................................................
पति/पत्नीको नाम :.......................................................................................
हेरचाह केन्द्रमा बसेको भए सोको विवरण :...............................................
सरंक्षकको नाम, थर, सम्पर्क ठेगाना, मोवाइल नं. : ..............................................................
रक्त समूह .................. रोग भए रोगको नाम ............................. सेवन गरिरहेको औषधिको नाम...............................

प्रमाणित गर्ने अधिकृतको :
दस्तखत :
नाम थर :
पद :
मिति :

.................................
प्रमुख प्रशासकीय अधिकृत

आज्ञाले,
बालकृष्ण थापा
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner